annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३२२ पृष्ठ १० | काठमाडौं, बिहीबार १४ चैत २०८१ | चैत्र कृष्णपक्ष त्रयोदशी, नेपाल संवत् ११४५ | THURSDAY, MARCH 27, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# प्रजातन्त्रमा के भएन ? लौ हेर्नुस्

०४६ को राजनीतिक परिवर्तनपछि मुलुकमा के भयो ? सर्वसाधारणको मनमा प्रश्न छ, जिज्ञासा छ। तथ्यांकले भन्छ- भौतिक विकास मात्र होइन, शिक्षा, स्वास्थ र सामाजिक क्षेत्रमा मुलुकले फड्को मारेको छ। त्यसैले विकास र समृद्धि प्रजातन्त्र वा जनताको शासनमा मात्र सम्भव छ। सम्बद्ध नेपाल र खुसी नेपालीको सपना पूरा गर्न गणतन्त्रको विकल्प अझ उन्नत गणतन्त्र एकमात्रै विकल्प हो।

समाचार पृष्ठ २

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

**- को रिपोर्ट**




प्रतिव्यक्ति आय
रु. ७,६९० बाट रु. १,३६,७०७

मानव विकास सूचकांकमा लगातार वृद्धि
०.४३७ बाट ०.६०२

टेलिफोन पहुँच
३,००० नागरिकमा १ बाट प्रतिनागरिक १

इन्टरनेटको पहुँच
० बाट ७५%

मोबाइल फोन प्रयोगकर्ताको उल्लेखनीय वृद्धि
७३%

३३ वर्षमा विद्युत् उत्पादन
१५ गुणा वृद्धि

विद्युत् पहुँच भएका परिवार
१४% बाट ९७%

आधारभूत खानेपानी सुविधा
९५%

राजनीतिमा महिला सहभागिता
४१%

महिला साक्षरता दर
२५% बाट ६५%

## अर्घाखाँचीमा बस दुर्घटना, ४ को मृत्यु २७ घाइते



**प्रेमनारायण आचार्य** | *अर्घाखाँची*

अर्घाखाँचीको भुवनपाटामा बुधबार बेलुका भएको बस दुर्घटनामा ४ जनाको मृत्यु भएको छ। २७ जना घाइते भएका छन्।

शीतगंगा नगरपालिका-२ सीतापुरको भुवनपाटामा लु२ख ३०३ नम्बरको बस दुर्घटना हुँदा ४ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रहरी निरीक्षक विष्णुप्रसाद पौडेलले बताए।

घाइतेमध्ये ६ जनालाई उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पतालमा पठाइएको छ। अन्य घाइतेको प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा उपचार भइरहेको छ। गोरुसिंगे सन्धिखर्क हाइवे सडकखण्डमा सुपामन्दिर दर्शन गरी नवलपरासीका लागि फिर्ता हुँदै गरेको बस अचानक अनियन्त्रित भई सडकदेखि अन्दाजी २५ मिटर तल खसेको प्रहरीको भनाइ छ।

दुर्घटनामा रुपन्देही बुटवल उप-महानगरपालिका ८ बस्ने वर्ष ५५ कि जमुना बस्याल, नवलपरासी पश्चिम भुमही बस्ने वर्ष अन्दाजी ४५ की उमा न्यौपाने, निजको सासु वर्ष-६५ कि (नामथर नखुलेकी) र पश्चिम बर्दघाट बस्ने अन्दाजी ४५ वर्षीय गाडी चालक मदनकुमार विकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका निमित्त प्रहरी प्रमुख विष्णुप्रसाद पौडेलले जानकारी दिए।

दुर्घटनामा गम्भीर घाइते भएका नवलपरासी पश्चिम बर्दघाट नपा-१२ बस्ने वर्ष ३६ को सन्तोष कँडेल सोही ठाउँ बस्ने वर्ष ४ को अमर कँडेल, वर्ष १९ को अरुण भट्टराई, वर्ष ३१ को आशिष अधिकारी, वर्ष २७ की लक्ष्मी अधिकारी, वर्ष ४ की आन्दा अधिकारी, वर्ष १४ को आयान्स अधिकारीलाई प्राथमिक स्वास्थ केन्द्र ठाडामा सामान्य उपचारपछि बुटवल लुम्बिनी प्रादेशिक अस्पताल रिफर गरिएको छ। अन्य घाइतेको प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा उपचार भइरहेको छ। घटनाको अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

## मधेसमा दर्ता नै हुँदैनन् बालविवाहका मुद्दा


**मनिका झा** | *जनकपुरधाम*

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेसमा २० वर्षमुनि विवाह गर्नेको संख्या ४३.६ प्रतिशत छ। सरकारी तथ्यांकअनुसार सबैभन्दा बढी बालविवाह मधेसमा हुन्छ। तर, यहाँ बालविवाहविरुद्ध दर्ता मुद्दाको संख्या भने निकै कम छ।

कानुनले विवाह गर्ने उमेर २० वर्ष तोकेको छ। तर, तराई/मधेसमा बालविवाह अत्यधिक छ। बालविवाह धेरै भए पनि प्रहरी र न्यायिक निकायसम्म भने न्यूनमात्रै घटना पुग्ने गरेका छन्।

राष्ट्रिय जनगणनाअनुसार मुलुकमा २० वर्षमुनि विवाह गर्नेको औसत दर २९.७ प्रतिशत छ। मधेसमा मात्रै २० वर्षमुनि विवाह गर्ने ४३.६ प्रतिशत छन्। तर, मधेस प्रदेश प्रहरी कार्यालयमा पछिल्लो तीन वर्षमा ३३ वटा मात्रै बालविवाहका मुद्दा दर्ता भएका छन्।

मधेस प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष ०७९/८० मा १० वटा, ०८०/८१ मा ९ वटा र चालु आर्थिक वर्ष ०८१/८२ को फागुनसम्म १४ वटा बालविवाहका मुद्दा दर्ता भएका छन्। तर, यी मुद्दाहरू पनि सोझै बालविवाहअन्तर्गत दर्ता




| सि.नं. | आ.ब. | सप्तरी | सिरहा | धनुषा | महोत्तरी | सर्लाही | रौतहट | बारा | पर्सा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०७९/०८० | ६ | २ | ० | २ | ० | ० | ० | ० |
| २ | २०८०/०८१ | २ | १ | ५ | ० |  | ० | ० | ० |
| ३ | २०८१/०८२ फागुन सम्म | २ | ४ | १ | ० | ६ | ० | ० | १ |



भएका होइनन्। प्रहरीका अनुसार कम उमेरका केटाकेटीहरू घरबाट भागी विवाह गर्न खोज्दा प्रहरीमा अपहरण, शरीर बन्धक, जबरजस्ती करणीसँगै बालविवाहको कसुरमा दर्ता भएका हुन्। मधेसका धनुषा र रौतहट जिल्लामा बालविवाह अत्यधिक हुने गरेको छ। धनुषामा ४७.५ प्रतिशत र रौतहटमा ४७ प्रतिशत बालविवाह हुने गरेको तथ्यांकमा देखिन्छ। तर, प्रहरीको तथ्यांकमा भने पछिल्लो तीन वर्षमा एउटा पनि बालविवाहको मुद्दा दर्ता नै भएको छैन। त्यसैगरी धनुषामा तीन वर्षमा ६ वटा मात्रै मुद्दा दर्ता भएको देखिन्छ।

त्यसैगरी महोत्तरीमा ४३.३ प्रतिशत, सर्लाहीमा ४२.६ प्रतिशत, सिरहामा ४२.१ प्रतिशत, बारामा ४०.२ प्रतिशत पर्सामा ३८.१ प्रतिशत र सप्तरीमा ३४.७ प्रतिशत बालविवाह हुने गरेको छ।

तर, प्रहरी कहाँ मुद्दा दर्ताको अवस्था हेर्दा पछिल्लो तीन वर्षमा सप्तरीमा १० वटा, सिरहामा ७, महोत्तरीमा २, सर्लाहीमा ६, बारामा शून्य र पर्सामा १ वटा मुद्दामात्रै बालविवाहको दर्ता भएको छ। प्रहरीको तथ्यांकअनुसार आव ०७९/८० को तुलनामा आव ०८०/८१ मा बालविवाह १० प्रतिशतले घटेको देखिन्छ भने आव ०८०/८१ र आव ०८१/८२ को फागुनसम्म तुलना गर्दा ५५ प्रतिशतले उजुरी वृद्धि भएको छ।

बालविवाहको जाहेरी दिने परिपाटी हामीकहाँ छैन। बालविवाहमा तै चुप, मै चुपको अवस्था हुन्छ त्यसैले प्रहरीमा दर्ता भएको मुद्दाको संख्या हेरेर समाजको यथार्थ पत्ता लगाउन निकै गाह्रो हुन्छ,' मधेस प्रहरी कार्यालय जनकपुरधामका प्रहरी निरीक्षक विक्रम साह भन्छन्, 'बालविवाहको विषयमा समाज र पीडितको सहयोग आवश्यक हुन्छ। यस्ता घटनाका विषयमा हामीलाई थाहा भइराख्दा पनि हामी एक्सनमा जान सकिराखेका हुँदैनौं किनभने हामीसँग न त प्रमाण हुन्छ न प्रमाणसहित उजुरी दिने व्यक्ति नै त्यसैले कानुन जति कठोर बनाए पनि समाजको मानसिकता परिवर्तन नभएसम्म यो विकृति रोक्न सकिँदैन।'

» बाँकी पृष्ठ ६

## रूस र युक्रेनबीच 'ब्ल्याक सी' र ऊर्जा क्षेत्रमा युद्धविराम

**वासिङ्टन** (एजेन्सी): संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा भएको वार्ताका क्रममा रूस र युक्रेनले 'ब्ल्याक सी' र ऊर्जा क्षेत्रमा सैन्य आक्रमण रोक्न मंगलबार सहमति जनाएका छन्।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले १०औं हजार मानिसको ज्यान लिइसकेको युद्धको शीघ्र अन्त्यका लागि जोड दिइरहेका बेला अमेरिकी वार्ताकारहरूले साउदी अरबको राजधानी रियादमा युक्रेन र रुसका प्रतिनिधिमण्डलबीच तीन दिनसम्म छुट्टाछुट्टै भेटवार्ता गरेका थिए।

अमेरिकी राष्ट्रपतिको कार्यालय (ह्वाइट हाउस) ले जारी गरेको वक्तव्यमा भनिएको छ, 'दुवै देश 'सुरक्षित नेभिगेसन सुनिश्चित गर्न, बल प्रयोग अन्त्य गर्न र 'ब्ल्याक सी' मा सैन्य उद्देश्यका लागि व्यापारिक जहाजको प्रयोग रोक्न सहमत भएका छन्।

दुवै देशमा ऊर्जा पूर्वाधारमा आक्रमणमा प्रतिबन्ध लगाउने उपायहरू पनि खोजी गर्ने सहमति भएको संयुक्त राज्य अमेरिकाले जनाएको छ।

## छहारीमुनि कफीको बोट, किसानलाई २० को नोट

**रोजन तामाङ** | *काभ्रे*

महाभारत गाउँपालिकाले 'छहारीको मुनि कफीको बोट, किसानलाई २० रुपैयाँको नोट' अभियान सुरु गरेको छ। किसानहरूलाई कफी खेतीतर्फ आकर्षित गर्न र स्वदेशमै कफी खेतीको विस्तार गर्न गाउँपालिकाले एक बोट कफीको बिरुवा रोपेबापत २० रुपैयाँ दिने अभियान सुरु गरेको हो। यो अभियान गत आर्थिक वर्षदेखि सुरु भएपछि किसान पनि कफी खेतीतर्फ हौसिएका छन्। महाभारत गाउँपालिकाले ५ वडालाई कफी पकेट क्षेत्र घोषणा गरेको छ। वडा नं ५ मा धेरै कफी उत्पादन हुन्छ। २,३ र ४ वडा कफी खेतीका लागि प्रचुर सम्भावनाका रूपमा लिइएका छन्। त्यसैकारण स्थानीय सरकारले एक बोट कफीको बिरुवा रोप्ने किसानका लागि २० रुपैयाँ अनुदान दिने निर्णय गरिएको गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले जानकारी दिए।

उनले किसानलाई प्रत्यक्ष फाइदा पुग्ने र अनुदानको नाममा बिचौलिया पाखा लाग्ने भएकाले पालिकाले यस्तो अभियान सञ्चालन गरेको जानकारी दिए। 'नारा अनुसार कृषि शाखाले छहारीको मुनि कफीको बोट किसानलाई २० रुपैयाँको नोटअन्तर्गत प्रमाणित गरिएका किसानहरूलाई अनुदान रकम दिने गरिएको छ,' अध्यक्ष लामाले भने, 'किसानको घरमा पुगेर कृषि प्राबिधिकले बोट रोपेको प्रमाणित गरेर पालिकामा अनुदान माग गर्नुपर्ने छ।'



बागमती प्रदेश सरकारले एक वडा एक उत्पादन कार्यक्रम अघि सारेपछि जिल्लाको महाभारत गाउँपालिकाले कृषकलाई कफी प्रशोधन प्रविधि तालिम सुरुवात गरेको छ। बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सहयोगमा कृषि विकास कार्यालय धुलिखेलको सहयोग तथा महाभारत साना किसान कृषि सहकारी संस्था लिमिटेडको समन्वयमा समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रमअन्तर्गत किसानलाई तालिम दिइएको हो। मंगलबार तालिम समापनमा बोल्दै बागमती प्रदेशसभा सदस्य रत्न प्रसाद ढकालले किसानहरूले गर्दै आएको कृषि उत्पादनमा थप विकास गर्दै लैजाने उद्देश्यले प्रदेश सरकारले 'एक वडा एक उत्पादन' कार्यक्रमलाई अगाडि सारेको बताए। कृषि विकास कार्यालय काभ्रेका प्रमुख कुलप्रसाद दवाडीले महाभारत गाउँपालिकामा समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन सुरु भएसँगै यस वर्ष किसानहरूले गर्दै आएको कफी उत्पादनको क्षेत्रमा उत्पादन गुणस्तर र उत्पादकत्व वृद्धिका लागि कफी प्रशोधन प्रविधि तालिम प्रदान गरेको बताए। जिल्लाको डाँडापारिको महाभारत गाउँपालिकामा कफी उत्पादनको योजना सम्झौता गरेर काम गरिसकेको र खानीखोला गाउँपालिकामा सम्झौता गर्ने चरणमा रहेको दवाडीले बताए।

महाभारत गाउँपालिकाले तीन वर्षदेखि वार्षिक १/१ लाख कफीको बिरुवा वितरण गरी उत्पादनमा सहयोग गर्दै आएको छ। कफी खेती विस्तार गर्न गाउँपालिका र प्रदेश सरकारसँगको साझेदारी कार्यक्रमअन्तर्गत क्षेत्र विकास गर्न बिरुवा रोप्ने, प्रविधि हस्तान्तरण र सिँचाइका लागि आवश्यक सहयोग गर्ने काम जिल्ला कृषि विकास कार्यालयले सुरु गरेका छन्।

केन्द्रीय कफी उत्पादक सहकारी संघका अध्यक्ष तुलसीराज धितालले काभ्रे डाँडापारि क्षेत्र महाभारत गाउँपालिका र खानीखोला गाउँपालिका कफी उत्पादनको लागि उपयुक्त भएको बताए। नेपालमा ५८ जिल्लामा कफी उत्पादन हुने गरेकोमा गत वर्ष काभ्रेको कफी राम्रो गुणस्तरको उत्पादन भएको धितालले बताए। ५ का वडा अध्यक्ष विजय राना मगरले किसानहरूको चाहनाअनुसार कफी उत्पादनको कामलाई अभियानकै रूपमा अगाडि बढाएकोमा त्यसमा सिँचाइको आवश्यकता भएको र यहाँको कफीको अन्तर्राष्ट्रिय बजारमा माग बढ्दै गएको बताए।

» बाँकी पृष्ठ ६